# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको ४२ औं बैठकका निर्णयहरु
### (२०७७ वैशाख ११ गते)

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको ४२ औं बैठक अनलाईन मार्फत (Zoom Meeting प्रविधि प्रयोग गरी) बसी देहाय बमोजिमका निर्णय गरियो:

१. विश्वव्यापी रुपमा फैलिएको COVID-19 महामारी रोकथाम गर्न नेपाल सरकारले गरेको लकडाउनको महानगरक्षेत्रमा पूर्णरुपमा पालना गर्ने गराउने ।

२. भरतपुर महानगरपालिकाभित्र विदेशबाट आउने नागरिकहरुको लागि पायक पर्ने स्थानमा सम्भाव्य क्वारेन्टाइन स्थलहरुको पहिचान गरी व्यवस्थापन गर्ने ।

३. भारतलगायत अन्य देशहरुबाट आएका नागरिकहरुको प्रत्येक वडाले विवरण अद्यावधिक गरी निजहरुलाई अनिवार्य स्वास्थ्य परीक्षण गराउने ।

४. आर्थिक वर्ष २०७६/०७७ का वडास्तरीय तथा नगरस्तरीय आयोजनाहरुको उपभोक्ता समितिबाट गराउनुपर्ने सम्झौता मिति २०७६ चैत्र १५ गतेसम्म गरिसक्नुपर्ने भनिएकोमा कोरोना महामारीको कारण भएको लकडाउनको अवस्थालाई ध्यानमा राख्दै मिति २०७७ जेठ १५ गतेभित्र सम्झौता गराइसक्नुपर्ने । साथै यसअघि सम्झौता भई शुरु गरिएका योजनाहरु सामाजिक दूरी कायम गरी सञ्चालन गर्ने र आवश्यक निर्माण सामग्री ढुवानी गर्न सम्वन्धित निकायहरुसँग समन्वय गर्ने ।

५. भरतपुर महानगरपालिकाको छैठौं नगरसभाको लागि आवश्यक तयारी गर्ने ।

६. विविध:

- २०७६ श्रावण ७ गतेको कार्यपालिका बैठकले गठन गरेका समिति र उपसमितिहरुमा देहायबमोजिमका कर्मचारीलाई सदस्य-सचिव तोक्ने निर्णय गरियो:

  सुशासन समिति: राधा देवकोटा उपाध्याय

  लेखा समिति: जगन्नाथ अर्याल

  विधेयक समिति: खगेश्वर अधिकारी

  पूर्वाधार विकास समिति: सूर्यप्रकाश लामा

  जिन्सी समिति: झलककुमार श्रेष्ठ

  सामाजिक विकास समिति: कलावती ओझा



Scanned with CamScanner

वातावरण तथा विपद व्यवस्थापन समितिः जीवलाल कुँवर

आर्थिक समितिः अनुज घिमिरे

युवा तथा खेलकूद समितिः रूद्र शर्मा

सार्वजनिक जग्गा तथा संरक्षण समितिः बिशुराम कुँवर

दलित तथा सीमान्तकृत वर्ग उत्थान समितिः सुशिला वाग्ले

सहकारी उपसमितिः रामबाबु पौडेल

स्वास्थ्य उपसमितिः दीपक सुवेदी

शिक्षा उपसमितिः दीपक सिग्देल

ल्याण्डफिल साइट उपसमितिः अस्मिता तिवारी

- महानगरस्तरीय मेलमिलाप समितिलाई मासिक रु. १५,०००/- कार्यालय संचालन खर्चवापत दिने ।
- भरतपुर महानगरपालिका वडा नं. ४ का वडा सदस्य प्रेमप्रसाद शर्माको स्वास्थ्यस्थिति गम्भीर भई चितवन मेडिकल कलेजमा उपचाररत रहनुभएको हुँदा निजको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै महानगरपालिकाले आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने ।

२०७८।१।११

Scanned with CamScanner